Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क साप्ताहिकको सह-प्रकाशन

गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४ ९८५२८३७५८२

■ बर्ष-१५, ▸▸ अंक ३६२ ▸▸ साउन ५मंगलबार,२०७८, July-20 Tuesday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com



२०७८ सालको साउन महिनाको पहिला सोमबारले जुराएको भेट। उदयपुर जिल्लाको गाईघाट हिम्कीस्थित इन्द्रेश्वर मन्दिरमा आफ्ना श्रीमतीसँगै शिवको दर्शन गर्न गएका दाँयाबाट क्रमश त्रिनपा ११ गाईघाटका वडाध्यक्ष विश्वराज भटराई नेपाली काङ्ग्रेस उदयपुरका नेता बसन्तबस्नेत, महेन्द्र सिन्देल। तस्विर - विश्वराज भटराईको फेसबुकबाट।

# त्रियुगा नगरपालिकाले पैसा नदिदा प्याराफिट लथालिङ्ग अबस्थामा

❖ बेद कुमारी राई

*गाईघाट, साउन ४*

त्रियुगा नगरपालिकाले समयमा भुक्तानी दिन नसक्दा निर्माणधिन थरुहट रंगशाला उदयपुर को प्याराफिटको काम समयमा सकिएको छैन।



२०७८ जेठ १८ गते सम्पन्न हुनुपर्ने उक्त रंगशालाको काम अहिले ८५ प्रतिशत सकिएर थन्किएको युनिक ब्युल्ड सप्तर ीले जनाएको छ। ४२ लाखमा ठेक्का लिएको निर्माण कम्पनीले हाल सम्म ४ लाख मात्र रकम पाएको छ।

हालसम्म ३९ लाख को काम सम्पन्न भईसक्दा समेत नगपालिकाले सम्पन्न भईसकेको काम नापजाँच नगरीदिदा काममा ढिलाई भएको ठेकेदार निलेश झाले बताए। ठेकेदार झाका अनुसार नगरपालिकाले २ - ३ दिनमा निर्माण सम्पन्न भएको कामको नाप जाँच गरेर रकम दिने भनेता पनि आर्थिक बर्ष बन्द भईसकेका कारण रकम नपाएको निर्माण कम्पनीले जनाएको छ।

निर्माण कम्पनीले काम गरेबापतको रकम नदिए पछि अहिले रंगशालाको प्याराफिटको काम स्थगित भएको छ। जेठ १८ गते सक्नुपर्ने काम निर्माण कम्पनीले समयमा नै काम नसक्ने संकेत नगरपालिकालाई दिएका थिए। गत बैशाख १७ गते समय थप गर ीमाग्दा नगरपालिकाले समय नगर ी दिएको निर्माण कम्पनीको आर ोप छ। अहिले रंगशालामा बनाईनुपर्ने तिन वटा प्याराफिटमा अन्तिम तेस्रो प्याराफिटको काम केही मात्रामा बाँकी छ। रकम नपाएपछि अहिले निर्माणको काम लथालिङ्ग अबस्थामा छ।

# कहिले बन्ला शौचालय

❖ बुद्धि कुमार राई

*त्रियुगा(गाईघाट), साउन ३*

२०७८ साल साउन ३ गते आईतबार बिराटनगर मोरङबाट एकराज सापकोटा त्रियुगा नगरपालिका उदयपुरमा खेलकुद शाखामा कामको लागि आएका थिए। उनी खेलकुद शाखाको कर्मचारीलाई भेटेर काम सकेर भुँई तला मेयर, उपमेयर रहेको तलामा सेवाग्राही तथा कर्मचारीले प्रयोग गर्ने शौचालय छिरे। शौचालय लागेका कारण उनले त्यहाँ हेरे। त्यहाँ थिए त एउटा ७ लिटर जति पानी जाने फोहोर देखिने बाल्टिन। पानी खन्याउनको लागि जग थिएन। धोकामा छेस्किनी थिएन। लामो शौचालय लागेका कारण उनी असहज हुँदै शौचालय गर्न बाध्य भए। शौचालय गरी सकेपछि त्यहि ७ लिटर जती पानी जाने बाल्टिनले पानी खन्याउन उनी मुश्किलले सके। त्यस पछि उनी बाहिर हेरे हातधुने बेशिनमा साबुन थिएन।



त्रियुगा नगरपालिकाका सेवाग्राही र कर्मचारीले प्रयोग गर्ने शौचालय तस्विर - मुलुकी।



त्रियुगा नगरपालिकाका नगरप्रमुख मेयरले प्रयोग गर्ने शौचालय तस्विर - मुलुकी।

हात पानीले मात्र पखालेर बाहिर निक्किएर नगरपालिका भित्र छिर्ने मुख्य गेट भित्र साबुन र पानीले हात धोए। शौचालय छिर्न भन्दा अघि खानेपानीको जारहरु फोहोरर बान्ता आउँला जस्तो छ। नगरपालिकामानै काम गर्ने सुरक्षा गार्ड भन्छन शौचालय लाग्यो भने कि हाकिमको कोठा छिर्नुपर्यो कि त घर जानुपर्यो।

त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना



त्रियुगा उधोग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur

TCCI

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उधोग व्यावसाय मारमा परेको यो अवस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उधोग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सुचित गरिन्छ।

त्रियुगा उधोग वाणिज्य संघ
गाईघाट, उदयपुर

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## उदयपुर.....

दोस्रो र जिल्लाको १२ ओउ दैनिक पत्रिका भएर एकता खबर दैनिक प्रकाशन सुरु भएको छ।

पछिल्लो समय चुपचाप रहेको जिल्लाको पश्चिमी नगर कटारी र पश्चिम- उत्तरी गाउपालिका ताप्लीबाट कुनै पत्रिका प्रकाशन नभए पनि जिल्लाको उत्तरी गाउँपालिका लिमचुङबुङ गाउपालिकाबाट २०७५ असार ५ गते दर्ता भएको लिमचुङ मिडिया ग्रुप को प्रकाशन र अरुणकुमार राई सम्पादक रहेको लिमचुङबुङ साप्ताहिक पत्रिका २०७६ असार ८ गते देखि प्रकाशन सुरु भएको छ ।

२०७६ साउन २६ गते प्रकाशक भुपेन्द्र पौडेल र सम्पादक महेश खनालले शोलुशन दैनिक दर्ता गराएका छन्। यसको दर्ता ६९ ख रहेको छ। त्यस्तै जिल्ला प्रशासन कार्यालय उदयपुरको अभिलेखमा दर्ता नम्बर ७० मा बेल्टारबाट रुद्रमणी राई प्रकाशकर सुवास राई सम्पादकरहेको बेल्टार खबर साप्ताहिक दर्ता भएको छ।

जिल्लाको रौतामाइ गाउपालिका र ताप्ली गाउपालिकाबाट अहिलेसम्म कुनै पत्रिका प्रकाशन हुन सकेको छैन भने कटारी नगरपालिकाबाट पनि पछिल्लो समय कुनै पत्रिका प्रकाशन भएको छैन । जिल्लाको सबै भन्दा पुरानो निरन्तर प्रकाशन हुने साप्ताहिक पत्रिका महेश्वर चामलिङ राइको माझखर्क साप्ताहिक, २०६१ साल जेठ १३ गतेदेखि निरन्तर प्रकाशन हुँदै आएको छ। भने अर्को पुरानो र निरन्तर पत्रिका पूर्णपुष्टि साप्ताहिक हो। २०६२ सालदेखि निरन्तर छ । त्यस बाहेक पुर्बक्षितिज साप्ताहिक, त्रियुगा टाइम्स साप्ताहिक, पुर्ब नेपाल साप्ताहिक र नागरिक आव्हान साप्ताहिक हो ।

(१) त्रियुगा अर्धसाप्ताहिक - बद्रीप्रसाद काफ्ले /रितुबर्ण पराजुली २०४९-५-१९ (२) उदयपुर आवाज साप्ताहिक - हिमाल कार्की / हिमाल कार्की २०५०-२ -११ (३) उदय साप्ताहिक - पुन्य कार्की / पुन्य कार्की २०५१-११-८ (४) नब उदय साप्ताहिक - मोहन कार्की/ केदार थापा (५) ऐजेरु साप्ताहिक - बद्री काफ्ले/कोउसल चेम्जोङ २०५४-११-२६ (६) रोउता टाइम्स साप्ताहिक - पेशल आचार्य/ महाप्रसाद खतिवडा (७) टङ्केला साप्ताहिक - कोउशल चेम्जोङ/ कोउशल चेम्जोङ (८) पुर्णपुष्टि साप्ताहिक - शान्ता राई /शान्ता राई २०६२-६-२० (९) पुष्टि साप्ताहिक- लिला प्रसादनिरोउला/ लिला प्रसाद निरोउला (१०) हाम्रो राष्ट्रिय दैनिक - पेशल आचार्य/ कोउसल चेम्जोङ २०५९-५-१० (११) उदयपुर दर्पण दैनिक स्वर्गीय कमल कार्की /केदार कुमार थापा

(१२) माझखर्क साप्ताहिक - महेश्वर चामलिङ /पुष्प कुमार राई २०६१-२-५ (१३) दुरदर्शीसाप्ताहिक- मुगाशेर राई /मुगाशेर राई २०६२-९-२१ (१४) उदयपुर दर्शन साप्ताहिक - गोपाल पोखरेल/ गोपाल पोखरेल २०६२-१२-६ (१५) मुलुकी दैनिक - महेश्वर चामलिङ राई /पुष्प कुमार राई२०६३-१-६ (१६) नागरिक आबहान साप्ताहिक - हरिकुमार राई / हरिकुमार राई २०६३-२-२३

(१७) जनसमन्ध साप्ताहिक - बैकुण्ठ दाहाल / कृष्ण प्रसाद घिमिरे २०६३-६-१३ (१८) बेग साप्ताहिक - हेमन्त बहादुर थापा/ सागर थापा २०६५-४-१४ (१९) नया पुर्ब शितिज साप्ताहिक- साबित्रा पाण्डे/ सुमित्रा कोइराला २०७३-१२-२६ (२०) गृहगुप्तचर साप्ताहिक - रोहितकुमार सिङ/ कृष्णकुमार दुलाल २०६४-३-२९ (२१) सगरमाथा साप्ताहिक - इश्वर तामाङ /अशोक तामाङ २०६४-४-२३ (२२) त्रिबेणि शुसेली साप्ताहिक - कुमार सिङ राई/ कुमार सिङ राइ २०६४-८-२६ (२३) उदयपुर पोष्ट साप्ताहिक - नेत्र कुमार सुनुवार / हरिकुमार राई २०६४-१-१९

(२४) नया सहयात्री साप्ताहिक - सङ्गम प्रकाशन प्राली / लिला प्रसाद निरोउला (२५) किरात टाइम्स दैनिक - सुबास चन्द्र राई / हरि कुमार राई २०६५-३-१ (२६) पुर्ब नेपाल साप्ताहिक - अजय कुमार साह / अजयकुमार साह २०६५-३-९

(२७) पुर्बतारा साप्ताहिक - पर्शुराम पोखरेल /भिम बिक २०६५-३-१८ (२८) हाम्रो खबर साप्ताहिक - कुशलबाबू बस्नेत/ कुमार सिङ कार्की २०६५-४-१४ (२९) खबरदारी साप्ताहिक - उजुर राई/अधिराज राई २०६५-६-१५ (३०) दलित दर्पण साप्ताहिक - दलित दर्पण प्रकाशन प्राली / भिम बिक २०६५-८-२९

(३१) जङघार दैमासिक - गजेन्द्र राई / स्वर्गिय दिपक कुमार राइ २०६६-३-२९ (३२) त्रियुगा टाइम्स साप्ताहिक - बिश्वराज तामाङ / किरण ढुङ्गाना २०६६-११-२१ (३३) बरुवा टाइम्स दैनिक - बलदेब चोउधरी /प्रदिपकुमार चोउधरी २० ६६। (३४) हाम्रो बेलका साप्ताहिक - रबिन कुमार श्रेष्ठ/ मणिराज राई २०६६-६-८ २०६७-११-४ देखि गङ्गा राई प्रकाशक (३५) गाइघाट टुडे दैनिक - सुनिल साह / अजयकुमार साह २०६७-८-९ । (३६) हिमपात सन्देश दैनिक - बुद्धि चामलिङ राई / उदय राई २०६८-२-२३ (३७) त्रिबेणि पोष्ट साप्ताहिक - केदार कोइराला / केदार कोइराला २०६८-५-६ (३८) उदयपुर दर्पण पाछिक - राधारमण खतिवडा / राधारमण खतिवडा २०६८-५-६ (३९) सङघिय राज्य साप्ताहिक- यमन दनुवार / शम्भुकुमार दनुवार २०६८-३-४ (४०) मलाकी माशिक - सङ्गिता कुमारी चोउधरी / रामकुमार राई २०६८-१२-२० (४१) ताप्ली पोखरि साप्ताहिक - भिम बहादुर बिक / भिम बहादुर बिक २०६९-२-२९ (४२) कटारी साप्ताहिक - हिरालाल अधिकारी / रामशेर राई २०६९-३-२६ (४३) उदय टाइम्स साप्ताहिक - स्वर्गीय रामप्रसाद भट्टराई / उर्मिला काफ्ले २०६९-४-५ (४४) द न्युज पार्क बिक्ली साप्ताहिक - बिरेश दाहाल / खेम नारायण दाहाल २०६९-४-२६ (४५) त्रियुगा एक्सप्रेस दैनिक - बिश्वराज तामाङ / किरण ढुङ्गाना २०६९-१२-१९।(४६) क्रान्तिसन्देश साप्ताहिक - मधुकर थापा /टेकराज रिखाम २०७०-२-१६। (४७) उज्यालो साहित्य मासिक शर्मिला कट्वाल शेषराज निरोउला २०७०-६-४ । (४८) त्रियुगा पाछिक - नेत्रकुमार सुनुवार / कैलाश राई २०७०-११-३० (४९) साझा दर्पण साप्ताहिक - देबराज राई / अर्जुन राउत २०७१-८-२ (५०) कृषि आवाज मासिक - अर्गानिक एगृकल्चर पब्लिकेशन / बिकाश भट्टराई २०६२-२-२५ (५१) चोउदन्दीगढी साप्ताहिक - जीवन राई / भैरब श्रेष्ठ २०६२-११-२० (५२) युके साप्ताहिक - पर्शुराम पोखरेल/ नारायण प्रसाद अधिकारी २०७३-४-२९ (५३) उदय श्री साप्ताहिक - जिबनाथ दाहाल/ बिकास २०७३-६-२५ (५४) जनभाब दैनिक - अमर मिडिया प्राली / राधारमण खतिवडा २०७३-६-१४। (५५) स्विकार पोष्ट मासिक - चन्द्र कुमार राई / चन्द्र कुमार राई २०७३-१०-३ (५६) दुर्गम एक्सप्रेस साप्ताहिक - सबिता राई / महेन्द्र बहादुर राई २०७४-३-२०। (५७) खुलासा पोष्ट साप्ताहिक - राकेश नेपाली / रन्जना पोखरेल २०७४-३-२० । (५८) समाबेसी कटारी साप्ताहिक - दुखी पासवान/ बलराम घिमिरे २०७४-१०-८ । (५९) गाउले साहित्य फुलबारी - गोबर्धन तामाङ / केदार कुमार कार्की २०७४-११-२ । (६०) जनशायरा त्रैमासिक - अर्जुन राउत /अर्जुन राउत । (६०) सम्बृद बेलका साप्ताहिक - भरत घिमिरे / सुमन कटुवाल २०७५-२-२६

(६१) बेलका खबर साप्ताहिक - जयराम पुर्बछाने मगर /अम्बिका निरोउला २०७५-२-२६ (६२) उदयपुरगढी साप्ताहिक - होमबहादुर बस्नेत / जोगमाया खत्री २०७५-६-१८ (६३) रातो सुखानी मासिक - लकक्षमण पौडेल / दिपक राई २०७५ -९-६ (६४) लोकमन्जरी त्रैमासिक - राममणी पोखरेल / यशोदा कुमारि पोखरेल २०७५-९-१९ । (६५) उदयपुर श्रीमिक दैनिक - गजेन्द्र कुमार भगत / जगत प्रसाद बन्जारा २०७६ । (६६) गढी खबर दैनिक - चोउदन्दीगढी मिडिया प्राली / भोटराज राई २०७५-१२-२६ (६७) बेलका बाल बगैंचा त्रैमासिक - ललित राई /खेमराज निरोउला २०७६-१-१५ । (६८) एकता खबर दैनिक - भरत घिमिरे / बिजय कुमार राउत। (६९, क) लिमचुङबुङ साप्ताहिक - लिमचुङबुङ मिडिया प्राली / अरुण कुमार राई २०७५-३-५ । (६९,ख) शोलुशन दैनिक। प्रकाशक भुपेन्दै पौडेल/ सम्पादक महेश खनाल। (७०) बेल्टार खबर साप्ताहिक । प्रकाशक रुद्रमणी राई / सम्पादक सुवास राई। २०७७ ।


# सगरमाथा
## डिपाटमेन्ट स्टोर
## गाईघाट, उदयपुर






प्रोपाइटर - किरण चामलिङ राई

# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# अमेरिका र क्यानाडा क्वाटरफाइनलमा

❖ बिबेक राई

*गाईघाट, साउन ४*

उत्तर अमेरिकी महादेशले खेल्ने कनकाकाफ गोल्डकपमा आयोजक अमेरिका र क्यानाडा क्वाटरफाइनल प्रवेश गरेका छन् । समुह बी अन्तर्गतको आफ्नो अन्तिम खेलपछि यी दुई टोली नै समुह चरण पार गर्दै क्वाटरफाइनल प्रवेश गरेका हुन् । कनकाकाफ कपमा चार समुहका समुह विजेता र उपविजेताले सिधै शिर्ष ८ अर्थात क्वाटरफाइनल खेल्न पाउने नियम छ । जसअनुसार समुह बी मा क्यानाडालाई मुस्कीलले १-० ले हराउँदै अमेरिका क्वाटरफाइनल पुग्न सफल भएको हो ।



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको महिला फुटबल खेलाडीहरु आफ्नो नयाँ कोच आश्विन राई पाए पछि खुशीका साथ सामुहिक तस्विर खिचाउँदै । तस्विर - मुलुकी ।

समुहको आफ्नो अन्तिम खेलमा पराजित भएपनि क्यानाडा समुह बी को उपविजेता बन्दै क्वाटरफाइनल पुग्न सफल भयो । सोमबार बिहान भएको खेलमा सुरुवाती समयमा गरेको गोलले नै अमेरिकालाई समुहको विजेता बनाइदियो । खेल सुरु हुनुसाथ अर्थात पहिलो मिनेटमा नै डिफेन्डर शाकिल मोरेले गरेको गोलले अमेरिका खेल जीत्न सफल भयो । अचम्मको कुरा त फिफा वरियतामा २० औं स्थानमा रहेको अमेरिकालाई ७० औं स्थानमा रहेको क्यानाडामाथि जीत निकाल्न हम्मे परेको थियो ।

क्यानाडाले खेलअवधिभर मजाले ५४ प्रतिशत बल नियन्त्रपमा राख्न सफल हुँदा ४६ प्रतिशतमात्र बल नियन्त्रणमा राख्न सफल अमेरिका भने सुरुमै गरेको गोलमद्दतमा खेल जीत्न सफल भयो । उसो त हेड टु हेडमा पनि अमेरिका नै सफल छ । यो नतिजासहित अमेरिकाले क्यानाडामाथि १८ खेलमा जीत, १० मा बराबरी र १० मा हार व्योहोरेको नतिजा राख्न सफल भएको छ । तर यस खेलअघि नै अमेरिका र क्यानाडा दुईदुई खेलबाट ६/६ अंक जोड्दै समुह चरण पार गर्नेमा पक्का भइसकेका थिए ।

यस खेलको नतिजापछि भने समुहको विजेता र उपविजेताको टुंगो लागेको छ । समुह बी कै अर्को खेलमा भने हाइटीले मार्टिनिकलाई २-१ ले हरायो । यसअघि नै समुह चरणबाटै बाहिरिसकेका यी दुई टोलीको लागि यो खेल औपचारिक खेलमात्र थियो । तेस्रो मिनेटमा नै कार्नेजी एन्टोइनले गोल गर्दै हाईटीलाई अग्रता दिलाए पनि ५३ औं मिनेटमा केभिन फोर्चुनले मार्टिनिकलाई बराबरीमा ल्याएका थिए । तर ६१ औं मिनेटमा रिकार्डो एडिले गोल गर्दै हाइटीको जीत पक्का गरिदिए ।

जीत हात पारेपनि हाइटी समुह चरण पार गर्न सकेन । समुह बी को यी दुई खेल सकिएपछि सोमबार बिहान ७:४५ बजे समुह ए का अन्तिम दुई खेल भए । समुह ए को अन्तिम दुई खेलमा मेक्सिकोले इल साल्भाडोरलाई १-० ले पराजित गर्दा ग्वाटेमाला र ट्रिनिडाड एण्ड टोबागोले १-१ को बराबरी खेलेका थिए । समुह बी जस्तै समुह ए मा पनि जीत्ने र हार्ने दुवै टोली शिर्ष आठ अर्थात क्वाटरफाइनल प्रवेश गर्न सफल भए । मेक्सिकोलाई जीताउन २५ औं मिनेटमा लुइस रोड्रिग्वेजले गोल गरेका थिए ।

यसअघि नै समुह चरण पार गर्नेमा पक्का भइसकेको इल साल्भाडोर पराजित भएपनि समुह उपविजेता बन्न सफल भयो । समुहमा सुरुमै बराबरी र पछि जीत निकालेको मेक्सिकोलाई भने समुहको अन्तिम खेल जीत्नैपर्ने दबाब थियो र जीत हातपार्न सफल पनि भयो । मेक्सिको समुह विजेता बन्दै अघि बढ्दा बराबरी खेलेका ग्वाटेमाला र ट्रिनिडाड एण्ड टोबागो भने समुह चरणबाटै बाहिरिएको छ । आफ्नो अन्तिम खेलमा जीत निकाल्न सकेको भए ट्रिनिडाड एण्ड टोबागोको भने शिर्ष आठ जाने मौका कायमै थियो ।

निर्माण कम्पनीले पाएको हो । २०७७ पुस ५ गते ४१ लाखमा ठेक्का लिएर ३ वटा प्यारापिट बनाउने काम सुरु गरेको निर्माण कम्पनी सञ्चालक निलेश झाले बताए ।

२०७८ जेठ १८ गतेभित्र निर्माण गरिसक्नु पर्ने काम नगरपालिकाकै काण ढिलो भएको झाले बताए । ६२ लाख रुपैंया लागत इस्टीमेटको उक्त काम युनिक ब्युलडरले ४४ प्रतिशत कममा कामको जिम्मा लिएको ठेकेदार झाले बताए । एउटा प्यारापिटको लम्बाई ४५ मिटर लामो हुनेछ भने उचाइ ३ मिटर १५ सेन्टिमिटरको हुनेछ । निर्माणाधीन ३ वटा प्यारापिट सँगै रंगशालालाई चाहिने सबै प्यारापिट पूरा हुने थरुहट रंगशाला निर्माण समितिका सचिव सन्तोषकुमार चौधरीले बताए ।

८ स्टेप सिंढी रहने प्यारापिटमा एउटा प्यारापिटमा २ सय ४० जना दर्शक अट्ने चौधरी बताउँछन् । निर्माणाधीन ३ प्यारापिटसँगै रगंशालालाई पुरै प्यारापिटले घेर्नेछ । रंगशालाको दक्षिण-पश्चिमतर्फ र मुख्य प्यारापिटको उत्तर पश्चिममा रहेको खाली ठाउँमा भने गेट राखिने समितिका सचिव चौधरीले बताएका छन् ।

अब उदयपुर सदरमुकाम गाईघाटमा रहेको थरुहट रंगशालामा ६ हजार दर्शकले सुबिधा सम्पन्न प्यारापिटमा बसेर खेलकुदका गतिबिधि हेर्न पाउने भएका छन् । करिब ६ बिगाहा क्षेत्रफलमा फैलिएको रंगशालामा यसअघि रंगशालाको उत्तर दिशामा ७ वटा र दक्षिण दिशामा ४ वटा प्यारापिट बनिसकेको छ ।










प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट